Regional News Bulletin April 18, 2026

# आकाशवाणी

## Pakyong-Elector Mapping: IPR

E-ROLL २०२५ को मतदाताहरूको अन्तिम SIR E-ROLL २००२ सँगको नक्साङ्कन सम्बन्धी बैठक आज पाकिममा जिल्ला निर्वाचन अधिकारी एवं जिल्लापाल रोहन अगवानेको अध्यक्षतामा सम्पन्न भयो। जिल्ला निर्वाचन अधिकारीले मतदाता नक्साङ्कनको प्रगतिको समीक्षा गर्नुका साथै ८० प्रतिशतभन्दा कम कभरेज भएका मतदान क्षेत्रहरूको जाँच गर्नुभयो। उहाँले यी क्षेत्रहरूमा भएको कम कभरेजबारे सम्बन्धित BLO बाट स्पष्टीकरण माग्नुभयो। उहाँले जारी अभ्यासको महत्त्वलाई जोड दिँदै, ८० प्रतिशतभन्दा कम नक्साङ्कन भएका मतदान क्षेत्रहरूमा विशेष ध्यान दिन निर्देशन दिनुभयो। पाकिमका अतिरिक्त जिल्लापाल पुल्कितले क्षेत्रीय स्तरका समस्याहरू समाधान गर्ने सम्बन्धमा बीएलओहरूलाई मार्गदर्शन गर्नुभयो। बीएलओहरूलाई २००२ को मतदाता नामावलीमा नभएका मतदाताहरूको हालको स्थिति र औचित्य सहितको छुट्टै सूची तयार गरी तोकिएको समयसीमाभित्र त्यो पेश गर्न पनि निर्देशन दिइएको छ।

## Sikkim Delegation to Delhi: IPR

पशुपालन तथा पशु चिकित्सा सेवा मन्त्री पुरण कुमार गुरुङको नेतृत्वमा सिक्किम सरकारको उच्चस्तरीय प्रतिनिधिमण्डलले आज नयाँ दिल्लीमा केन्द्रीय मत्स्यपालन, पशुपालन तथा दुग्ध विकास मन्त्री राजीव रञ्जन सिंहलाई भेट्यो। भेटका क्रममा प्रतिनिधिमण्डलले केन्द्रीय मन्त्रीलाई अर्ध-अधिकृत, DO पत्र बुझाएको छ। पत्रमा राज्यमा सिरी गाईवस्तुको संरक्षण र प्रवर्धन गर्ने उद्देश्यले बनाइएको प्रमुख संरक्षण परियोजना **"मिसन सिरी"** को प्रस्तावलाई प्रकाश पारिएको छ। यो परियोजना राष्ट्रिय गोकुल मिसन अन्तर्गत सिक्किम पशुधन विकास बोर्डद्वारा कार्यान्वयन गर्न प्रस्ताव गरिएको छ। केन्द्रीय मन्त्रीले पहलको

प्रशंसा गर्नुभयो र **"मिसन सिरी"** को सफल कार्यान्वयनका लागि सरकारबाट सबै सम्भव सहयोगको आश्वासन दिनुभयो।

## Temi Tea-Record Prices: IPR

सिक्किमको राज्य स्वामित्वमा रहेको तिमी चिया बगानले यस सिजनमा पहिलो पटक जैविक चियाको २७ हजार प्रति किलोग्राम र २५ हजार प्रति किलोग्रामको रेकर्ड मूल्य प्राप्त गर्दै, महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। बगान हाल पहिलो पत्ती सङ्कलनमा संलग्न छ, जसबाट अर्थोडक्स ब्ल्याक टी र ओलोङ टी जस्ता प्रिमियम प्रजातिहरू उत्पादन गरिँदै छन्। खुला बोल ी बिक्रीक ा लागि राखिएको प्रारम्भिक खेपहरूले उच्च मूल्य प्राप्त गरिसकेका छन्। पछिल्ला खेपहरूले पनि खरीददारहरूबाट उत्साहजनक प्रतिक्रियाहरू प्राप्त गरिरहेका छन्। बगानले राम्रो टिपाइ मापदण्डहरू कडिकडाइसाथ पालना गरेकै कारण उच्च मूल्यहरू प्राप्त गरेको हो। तिमी चियाबगानले अर्थोडक्स ब्ल्याक टी, ग्रिन टी, ओलोङ टी, वाइट टी, र फ्लेभर्ड टी सहित विस्तृत दरका चियाहरू उत्पादन गर्दछ।

## Pakyong-SEWA: IPR

दुगा, पाकिम, रेगु, नाम्चेबोङ, रिनाक र पार्खा ब्लकहरूको प्रतिनिधित्व गर्ने पाकिम जिल्लाका सिक्किम इन्स्पायर्स अन्तर्गतका कुल बीसवटा गैरकृषि स्वयं सहायता समूहका सदस्यहरूले १७ देखि २५ अप्रेल २०२६ सम्म गुजरातको अहमदाबादस्थित **सेवा**-को अवलोकन भ्रमण गर्दै छन्। यस एक्सपोजर भ्रमणको मुख्य उद्देश्य गैरकृषि उद्यम, कृषिमा मूल्य अभिवृद्धि, र समुदायद्वारा सञ्चालित जीविकोपार्जन मोडेलहरूमा अनुभवात्मक सिकाइलाई सहज बनाउनु हो। यस कार्यक्रमले सहभागीहरूको क्षमता अभिवृद्धि गर्ने अनि पाकिम जिल्लाभरि सफल र दिगो जीविकोपार्जन अभ्यासहरू अपनाउन सक्षम पार्ने अपेक्षा गरिएको छ।

## Teacher’s Conference: IPR

छैठौ शिक्षक सम्मेलन २०२५-२६ आज सम्पन्न भयो। यो सम्मेलन DIET, गान्तोकद्वारा आयोजना गरिएको थियो। यसको विषय **"नवप्रवर्तन, कार्य अनुसन्धान र विद्यालय नेतृत्वमार्फत कक्षाकोठा रूपान्तरण"** रहेको थियो। यो सम्मेलन गान्तोकस्थित DIET द्वारा आयोजना गरिएको हो। उत्कृष्टता केन्द्रका रूपमा DIET को दृष्टिकोण शिक्षक शिक्षामा नवप्रवर्तन र उत्कृष्टताको जिल्ला स्तरीय शैक्षिक केन्द्रहरूको स्तरोन्नति गर्नु हो। शिक्षक सम्मेलन २०२६ को उद्देश्य शिक्षक, विद्यालय नेतृत्व र विद्यार्थी शिक्षकहरूलाई नेतृत्व, नवीन शिक्षाशास्त्र र कार्य अनुसन्धान जस्ता प्रतिबिम्बित अभ्यासहरूमार्फत कक्षाकोठा प्रक्रियाहरूलाई सुदृढ पार्न गतिशील मन्च प्रदान गर्नु हो।

## Census Helpline: IPR

सिक्किम जनगणना सन्चालन निर्देशनालयले जनगणना २०२७ को पहिलो चरणको दौरान नागरिकहरूलाई सहयोग गर्नहेतु एक समर्पित हेल्पलाइन सुरु गरेको छ, जसमार्फत् जानकारी र सहयोग प्राप्त गर्न सजिलो हुनेछ। टोल-फ्री हेल्पलाइन नम्बर 1855 सबै कार्य दिनहरूमा बिहान 9 बजेदेखि साँझ 6 बजेसम्म सञ्चालनमा रहनेछ। जनगणना प्रक्रिया मार्फत प्रश्नहरूको जवाफ दिन र व्यक्तिविशेषहरूलाई मार्गदर्शन गर्न प्रशिक्षित कर्मचारीहरू उपलब्ध रहनेछन्।

**समाचार पूरा भयो।**